
# देशको वर्तमान आर्थिक स्थिति

*(आर्थिक वर्ष २०७०/७१ को दुई महिनासम्मको तथ्याङ्कमा आधारित)*

## मौद्रिक स्थिति

### मुद्राप्रदाय

1. आर्थिक वर्ष २०७०/७१ को दुई महिनासम्ममा विस्तृत मुद्राप्रदाय ०.८ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्राप्रदाय ०.१ प्रतिशतले घटेको थियो । वार्षिक विन्दुगत आधारमा २०७० भदौ मसान्तमा विस्तृत मुद्राप्रदाय १७.५ प्रतिशतले वृद्धि भएको छ । समीक्षा अवधिमा संकुचित मुद्राप्रदाय ५.५ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्राप्रदाय ५.९ प्रतिशतले घटेको थियो । वार्षिक विन्दुगत आधारमा २०७० भदौ मसान्तमा संकुचित मुद्रा प्रदाय १४.९ प्रतिशतले वृद्धि भएको छ ।




2. समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रु. ३३.० अर्ब (७.० प्रतिशत) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सम्पत्ति रु. ५ अर्ब ५२ करोड (१.४ प्रतिशत) ले बढेको थियो । समीक्षा अवधिमा आयातको वृद्धिदर न्यून रहनुको साथै वैदेशिक सहायता एवम् विप्रेषण आप्रवाह बढ्न गएकोले मौद्रिक क्षेत्रको खुद वैदेशिक सम्पत्तिमा वृद्धि भएको हो ।

### कुल आन्तरिक कर्जा


3. आर्थिक वर्ष २०७०/७१ को दुई महिनासम्ममा कुल आन्तरिक कर्जा १.८ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त कर्जा ०.३ प्रतिशतले बढेको थियो । वार्षिक विन्दुगत आधारमा २०७० भदौ मसान्तमा यस्तो कर्जा १४.७ प्रतिशतले बढेको छ । समीक्षा अवधिमा सरकार तर्फको खुद दावी घट्न गएकाले कुल आन्तरिक कर्जा घटेको हो । समीक्षा अवधिमा निजी क्षेत्रतर्फको कर्जा १.८ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा २.९ प्रतिशतले बढेको थियो ।

## सञ्चित मुद्रा

4. समीक्षा अवधिमा सञ्चित मुद्रा २.९ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रा ५.९ प्रतिशतले घटेको थियो । वार्षिक विन्दुगत आधारमा २०७० भदौ मसान्तमा उक्त मुद्रा १४.४ प्रतिशतले वृद्धि भएको छ । समीक्षा अवधिमा नेपाल राष्ट्र बैंकमा सरकारको नगद मौज्दात वृद्धि भएकोले सञ्चित मुद्रा घटेको हो ।

## बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप परिचालनको स्थिति

5. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप परिचालन १.० प्रतिशत (रु. ११ अर्ब ५० करोड) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा निक्षेप परिचालन ०.६ प्रतिशत (रु. ६ अर्ब १५ करोड) ले बढेको थियो । समीक्षा अवधिमा वाणिज्य बैंकहरुको निक्षेप परिचालन ०.९ प्रतिशतले, विकास बैंकहरुको २.७ प्रतिशतले र वित्त कम्पनीहरुको ३.२ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा वाणिज्य बैंकहरुको निक्षेप परिचालन ०.१ प्रतिशतले घटेको थियो भने विकास बैंकहरु र वित्त कम्पनीहरुको क्रमशः २.८ प्रतिशतले र १.९ प्रतिशतले बढेको थियो । वार्षिक विन्दुगत आधारमा २०७० भदौ मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप परिचालन १७.८ प्रतिशतले वृद्धि भएको छ ।




## बैंक तथा वित्तीय संस्थाहरुको कर्जा प्रवाहको स्थिति

6. आर्थिक वर्ष २०७०/७१ को दुई महिनामा बैंक तथा वित्तीय संस्थाहरुको कर्जा तथा लगानी १.१ प्रतिशत (रु. १२ अर्ब ७५ करोड) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा तथा लगानी २.७ प्रतिशत (रु. २५ अर्ब ८९ करोड) ले बढेको थियो । समीक्षा अवधिमा वाणिज्य बैंकहरुको कर्जा तथा लगानी ०.९ प्रतिशतले, विकास बैंकहरुको ३.३ प्रतिशतले र वित्त कम्पनीहरुको २.३ प्रतिशतले बढेको छ । समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा १.१ प्रतिशत (रु. १० अर्ब ८२ करोड) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा २.१ प्रतिशत (रु. १६ अर्ब ५९ करोड) ले बढेको थियो । निजी क्षेत्रतर्फ प्रवाहित कर्जा मध्ये वाणिज्य बैंकहरुको कर्जा प्रवाह १.१ प्रतिशतले र विकास बैंकहरुको २.३ प्रतिशतले बढेको छ भने वित्त कम्पनीहरुको ०.९ प्रतिशतले घटेको छ । वार्षिक विन्दुगत आधारमा २०७० भदौ मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा १९.६ प्रतिशतले वृद्धि भएको छ ।

7. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रमा प्रवाहित कर्जामध्ये औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा रु. २ अर्ब ६७ करोडले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त क्षेत्रतर्फको कर्जा रु. ५ अर्ब ३९ करोडले बढेको थियो । त्यसैगरी, अघिल्लो वर्षको सोही अवधिमा कृषि क्षेत्रतर्फको कर्जा रु. २ अर्ब १० करोडले बढेको तुलनामा समीक्षा अवधिमा रु. ४६ करोडले घटेको छ । समीक्षा अवधिमा निर्माण क्षेत्रतर्फको कर्जा रु. ३ अर्ब २७ करोडले र यातायात, सञ्चार तथा

सार्वजनिक सेवा क्षेत्रतर्फ रु. ६५ करोडले र थोक तथा खुद्रा व्यापारतर्फको कर्जा रु. ३ अर्ब ८७ करोडले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा निर्माण क्षेत्रतर्फको कर्जा रु. ८० करोडले, थोक तथा खुद्रा व्यापारतर्फको कर्जा रु. ३ अर्ब ८९ करोडले र यातायात, सञ्चार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा रु. ५८ करोडले बढेको थियो ।

**तरलता व्यवस्थापन**

8. आर्थिक वर्ष २०७०/७१ को दुई महिनासम्ममा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरु) बाट अमेरिकी डलर ४९ करोड १० लाख खुद खरिद गरी रु. ४९ अर्ब ९२ करोड बराबरको खुद तरलता प्रवाह गरेको छ । अघिल्लो वर्षको सोही अवधिमा विदेशी विनिमय बजारबाट अमेरिकी डलर ३१ करोड खुद खरिद गरी रु. २७ अर्ब ५१ करोडको खुद तरलता प्रवाह भएको थियो ।

9. समीक्षा अवधिमा अमेरिकी डलर ५८ करोड बिक्री गरी रु. ५७ अर्ब ५६ करोड बराबरको भा.रु. खरिद भएको छ । अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलर ३९ करोड बिक्री गरी रु. ३४ अर्ब ६४ करोड बराबरको भा.रु. खरिद भएको थियो ।

10. आर्थिक वर्ष २०७०/७१ को दुई महिनासम्ममा बैंक तथा वित्तीय संस्थाहरुमा विद्यमान अधिक तरलतालाई खुला बजार कारोबार मार्फत् प्रशोचन गरिएको छ । समीक्षा अवधिमा रिभर्स रिपो मार्फत् रु. १५ अर्ब बराबरको तरलता प्रशोचन गरिएको छ । अघिल्लो वर्षको सोही अवधिमा सोझै बिक्री बोल-कबोल मार्फत् रु. ३ अर्ब ५० करोड बराबरको तरलता प्रशोचन गरिएको थियो ।

**अन्तर-बैंक कारोबार र स्थायी तरलता सुविधाको उपयोग**

11. आर्थिक वर्ष २०७०/७१ को दुई महिनासम्ममा वाणिज्य बैंकहरुले रु. ३१ अर्ब ८६ करोड र अन्य वित्तीय संस्थाहरू (विकास बैंक र वित्त कम्पनीहरु) ले रु. २० अर्ब ५५ करोड बराबरको अन्तर-बैंक कारोबार गरेका छन् । अघिल्लो वर्षको सोही अवधिमा वाणिज्य बैंकहरु र अन्य वित्तीय संस्थाहरुले क्रमशः रु. ११ अर्ब ३९ करोड र रु. १८ अर्ब ४३ करोड बराबरको यस्तो कारोबार गरेका थिए । समीक्षा अवधिमा स्थायी तरलता सुविधाको भने उपयोग भएको छैन ।


**ब्याजदर**

12. २०६९ भदौको तुलनामा २०७० भदौमा ९१-दिने ट्रेजरी विलको भारित औसत ब्याजदर र अन्तर-बैंक कारोबारको ब्याजदरहरुमा केही कमी आएको छ । ९१-दिने ट्रेजरी विलको भारित औसत ब्याजदर अघिल्लो वर्षको भदौ महिनामा ०.१५ प्रतिशत रहेकोमा २०७० भदौ महिनामा ०.१४ प्रतिशत रहेको छ । त्यसैगरी, वाणिज्य बैंकहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर अघिल्लो वर्षको भदौमा ०.३४ प्रतिशत रहेकोमा २०७० भदौमा ०.२७ प्रतिशत रहेको छ । अन्य वित्तीय संस्थाहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०६९ भदौमा ६.६५ प्रतिशत रहेकोमा २०७० भदौमा ३.६२ प्रतिशत रहेको छ ।

13. २०७० को भदौ महिनामा वाणिज्य बैंकहरुको निक्षेपको भारित औसत ब्याजदर ५.०१ प्रतिशत रहेको छ भने कर्जाको भारित औसत ब्याजदर ११.९५ प्रतिशत रहेको छ । सो अनुसार, निक्षेप र कर्जा बीचको ब्याजदर अन्तर ६.९४ प्रतिशत रहेको देखिन्छ । त्यसैगरी, वाणिज्य बैंकहरुको औसत आधार दर २०७० भदौ महिनामा ९.३५ प्रतिशत कायम हुन आएको छ ।


## धितोपत्र बजार

14. नेप्से सूचकाङ्क वार्षिक विन्दुगत आधारमा ३१.१ प्रतिशतले वृद्धि भई २०७० भदौ मसान्तमा ५५१.७ बिन्दुमा पुगेको छ । सो सूचकाङ्क अघिल्लो वर्षको सोही अवधिमा ३१ प्रतिशतले वृद्धि भई २०६९ भदौ मसान्तमा ४२०.८ बिन्दु कायम भएको थियो ।




15. धितोपत्रको बजार पूँजीकरण वार्षिक बिन्दुगत आधारमा ३९.१ प्रतिशतले वृद्धि भई २०७० भदौ मसान्तमा रु. ५५४ अर्ब ५ करोड कायम भएको छ । २०७० भदौ मसान्तमा कायम बजार पूँजीकरणको आर्थिक वर्ष २०६९/७० को कुल गाहस्थ्र्य उत्पादनसंगको अनुपात ३२.६ प्रतिशत रहेको छ । २०६९ भदौ मसान्तमा यस्तो अनुपात २५.९ प्रतिशत रहेको थियो ।

16. २०७० भदौ मसान्तमा कायम रहेको बजार पूँजीकरणमा बैंक तथा वित्तीय संस्थाहरूको (बीमा कम्पनीहरु सहित) अंश ७३.० प्रतिशत रहेको छ भने उत्पादन तथा प्रशोधन क्षेत्रको २.८ प्रतिशत, होटलहरूको १.६ प्रतिशत, व्यापारिक संस्थाहरूको ०.२ प्रतिशत, जलविद्युत क्षेत्रको ७.१ प्रतिशत र अन्यको १५.३ प्रतिशत रहेको छ ।





17. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको संख्या २०६९ भदौ मसान्तसम्ममा २१६ रहेकोमा २०७० भदौ मसान्तसम्ममा २२६ पुगेको छ । सूचीकृत कम्पनीहरूमध्ये १९४ वटा बैंक तथा वित्तीय संस्था (बीमा कम्पनी समेत) रहेका छन् भने १८ वटा उत्पादन र प्रशोधन उद्योग, ४ वटा होटल, ४ वटा व्यापारिक संस्था, ४ वटा जलविद्युत कम्पनी र २ वटा अन्य समूहका रहेका छन् ।

18. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको चुक्ता पूँजी वार्षिक बिन्दुगत आधारमा १५.७ प्रतिशतले बढी २०७० भदौ मसान्तमा रु. १२९ अर्ब ३५ करोड पुगेको छ । चालू आर्थिक वर्षको दुई महिनासम्ममा रु. २ अर्ब ७९ करोड ५ लाख बरावरको साधारण शेयर, रु. १६ करोड ७८ लाख बरावरको हकप्रद शेयर, रु. १ अर्ब ९ करोड १० लाख बराबरको बोनस शेयर गरी कुल रु. ४ अर्ब ४ करोड ९३ लाख बराबरको धितोपत्र सूचीकृत भएको छ ।

# मुद्रास्फीति र तलब तथा ज्यालादर

## उपभोक्ता मुद्रास्फीति

19. आर्थिक वर्ष २०७०/७१ को भदौ महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ८.० प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ११.२ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा वार्षिक विन्दुगत आधारमा खाद्य तथा पेय पदार्थको वृद्धिदर ९.४ प्रतिशत रहेको छ भने गैर-खाद्य तथा सेवा समूहमा ६.८ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यी समूहहरुको मूल्य सूचकाङ्कमा क्रमशः १०.४ प्रतिशत र ११.९ प्रतिशतले वृद्धि भएको थियो ।





20. समीक्षा अवधिमा खाद्य तथा पेय पदार्थ समूहमा पर्ने वस्तुहरुमध्ये तरकारी उप-समूहको मूल्य सूचकाङ्कको वृद्धिदर सवैभन्दा बढी अर्थात १८.६ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस उप-समूहको मूल्य सूचकाङ्कमा ९.९ प्रतिशतले वृद्धि भएको थियो । अघिल्लो वर्षको सोही अवधिमा क्रमशः १२.५ प्रतिशत र १२.२ प्रतिशतले वृद्धि भएको मासु तथा माछा र रेष्टुरेण्ट तथा होटल उप-समूहहरुको मूल्य सूचकाङ्क समीक्षा अवधिमा क्रमशः १७.० प्रतिशत र १२.७ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी, समीक्षा अवधिमा खाद्य तथा खाद्यजन्य बस्तु र सूर्तिजन्य पदार्थ उप-समूहको विन्दुगत मूल्य सूचकाङ्क क्रमशः १०.४ प्रतिशत र ९.९ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यी उप-समूहहरुको मूल्य सूचकाङ्कमा क्रमशः ७.२ प्रतिशत र १७.९ प्रतिशतले वृद्धि भएको थियो ।

21. समीक्षा अवधिमा गैर-खाद्य तथा सेवा समूहका वस्तुहरुमध्ये फर्निसिङ तथा घरायसी उपकरण उप-समूहको मूल्य सूचकाङ्क सबै भन्दा बढी अर्थात १०.४ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस उप-समूहको मूल्य सूचकाङ्कमा १४.६ प्रतिशतले वृद्धि भएको थियो । त्यस्तै, समीक्षा अवधिमा लत्ता कपडा तथा जुत्ता-चप्पल र विविध वस्तु तथा सामानहरु उप-समूहहरुको मूल्य सूचकाङ्कमा क्रमशः ९.८ प्रतिशत र ८.९ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उल्लिखित दुवै उप-समूहहरुको मूल्य सूचकाङ्कमा क्रमशः १५.१ प्रतिशत र ९.९ प्रतिशतले वृद्धि भएको थियो । त्यसैगरी, समीक्षा अवधिमा शिक्षा उप-समूहको मूल्य सूचकाङ्क ७.८ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यो उप-समूहको मूल्य सूचकाङ्कमा १२.५ प्रतिशतले वृद्धि भएको थियो ।

22. क्षेत्रगत आधारमा विश्लेषण गर्दा समीक्षा अवधिमा सवैभन्दा बढी तराईमा ८.७ प्रतिशत, काठमाडौं उपत्यकामा ७.८ प्रतिशत र पहाडमा ७.० प्रतिशतले मूल्य सूचकाङ्कमा वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त क्षेत्रहरुमा यस्तो मूल्य सूचकाङ्कको वृद्धिदर क्रमशः ११.२ प्रतिशत, ११.९ प्रतिशत र १०.५ प्रतिशत रहेको थियो ।

### थोक मुद्रास्फीती

23. आर्थिक वर्ष २०७०/७१ को भदौ महिनामा वार्षिक विन्दुगत थोक मुद्रास्फीति ७.६ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति १०.२ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा थोक मूल्य अन्तर्गत कृषिजन्य वस्तुहरुको मूल्य सूचकाङ्क १०.३ प्रतिशतले, स्वदेशमा उत्पादित वस्तुहरुको मूल्य सूचकाङ्क ४.९ प्रतिशतले र आयातीत वस्तुहरुको मूल्य सूचकाङ्क ४.० प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यी सूचकाङ्कहरुको वृद्धिदर क्रमशः १०.० प्रतिशत, ६.८ प्रतिशत र १२.८ प्रतिशत रहेको थियो ।




### राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क

24. समीक्षा अवधिमा वार्षिक विन्दुगत राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क ११.५ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सूचकाङ्क ११.६ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा तलब सूचकाङ्क २६.४ प्रतिशतले वृद्धि भएको छ भने ज्यालादर सूचकाङ्क ८.२ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा तलब सूचकाङ्कमा ०.२ प्रतिशतले वृद्धि भएको थियो भने ज्यालादर सूचकाङ्कमा १४.५ प्रतिशतले वृद्धि भएको थियो ।

25. समीक्षा अवधिमा तलब अन्तर्गत बैंक तथा वित्तीय संस्था, सैनिक तथा प्रहरी सेवा र निजामती सेवा उप-समूहहरुको तलब सूचकाङ्क क्रमशः ४७.७ प्रतिशत, ३४.५ प्रतिशत र ३१.३ प्रतिशतले वृद्धि भएको छ । त्यस्तै ज्यालादर अन्तर्गत औद्योगिक मजदुर, कृषि मजदुर र निर्माण मजदुरको ज्यालादर सूचकाङ्क क्रमशः १०.२ प्रतिशत, ८.३ प्रतिशत र २.१ प्रतिशतले वृद्धि भएको छ ।

## सरकारी वित्त स्थिति *


### बजेट घाटा/बचत

26. आर्थिक वर्ष २०७०/७१ को दुई महिनासम्ममा नगद प्रवाहमा आधारित सरकारी बजेट रु. ३५ अर्ब ४४ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा सरकारी बजेट रु. १३ अर्ब ३५ करोडले बचतमा रहेको थियो । समीक्षा अवधिमा स्रोत परिचालनको तुलनामा सरकारी खर्च न्यून रहेकोले सरकारी बजेट बचतमा रहेको हो ।

* नेपाल राष्ट्र बैंकका ८ वटा कार्यालयहरु, सरकारी कारोबार गर्ने राष्ट्रिय वाणिज्य बैंकका ६६ वटा शाखाहरु, नेपाल बैंक लिमिटेडका ४४ वटा शाखाहरु, एभरेष्ट बैंक लिमिटेडका ५ वटा शाखाहरु, नेपाल वंगलादेश बैंक लिमिटेडको १ शाखा र ग्लोबल आईएमई बैंक लिमिटेडको १ शाखाबाट प्राप्त विवरणको आधारमा तयार गरिएको ।


## सरकारी खर्च

27. समीक्षा अवधिमा नगद प्रवाहमा आधारित कुल सरकारी खर्च २९.४ प्रतिशतले कमी आई रु. १९ अर्ब ७१ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा सरकारी खर्च २१.४ प्रतिशतले बढेको थियो ।




## सरकारी राजस्व

28. समीक्षा अवधिमा नेपाल सरकारको राजस्व परिचालन २२.८ प्रतिशतले वृद्धि भई रु. ४५ अर्ब ३६ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो राजस्व २७.२ प्रतिशतले वृद्धि भई रु. ३६ अर्ब ९५ करोड पुगेको थियो । समीक्षा अवधिमा भन्सार राजस्वको वृद्धिदरमा अघिल्लो वर्षको सोही अवधिको तुलनामा उल्लेख्य कमी आएको कारण समग्र राजस्वको वृद्धिदरमा कमी आएको हो ।





29. समीक्षा अवधिमा भन्सार राजस्व, आयकर, मूल्य अभिवृद्धि कर, सवारी कर र गैर-कर राजस्वको वृद्धिदरमा कमी आएको छ भने अन्त:शुल्क, रजिष्ट्रेशन शुल्कको वृद्धिदरमा विस्तार भएको छ ।

## वैदेशिक नगद ऋण र अनुदान

30. आर्थिक वर्ष २०७०/७१ को दुई महिनासम्ममा नेपाल सरकारलाई वैदेशिक नगद ऋणवापत रु. ८९ करोड र वैदेशिक नगद अनुदानवापत रु. ७ अर्ब २५ करोड प्राप्त भएको छ । अघिल्लो वर्षको सोही अवधिमा ती शीर्षकहरुमा क्रमश: रु. ४९ करोड र रु. २ अर्ब ४८ करोड प्राप्त भएको थियो ।

# वाह्य क्षेत्र




## वैदेशिक व्यापार

31. आर्थिक वर्ष २०७०/७१ को दुई महिनासम्ममा कुल वस्तु निर्यात ८.६ प्रतिशतले वृद्धि भई रु. १५ अर्ब १६ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यात ११.९ प्रतिशतले बढी रु. १३ अर्ब ९७ करोड रहेको थियो । मासिक रुपमा

हेर्दा चालू आर्थिक वर्षको भदौ महिनामा कुल वस्तु निर्यात साउन महिनाको तुलनामा ०.३ प्रतिशतले घटेको छ ।

32. कुल वस्तु निर्यातमध्ये भारततर्फको निर्यात अघिल्लो वर्षको सोही अवधिको ०.४ प्रतिशत ह्रासको विपरीत समीक्षा अवधिमा १८.५ प्रतिशतको उच्च दरले बढेको छ । जिङ्क शिट, जुस, अलैची, आयुर्वेदिक औषधि, जुत्ता चप्पल लगायतको निर्यातमा भएको वृद्धिका कारण भारततर्फको निर्यात बढन गएको हो । त्यस्तै, अन्य मुलुकतर्फको निर्यात अघिल्लो वर्षको सोही अवधिमा ३४.० प्रतिशतले बढेको विपरीत समीक्षा अवधिमा ४.८ प्रतिशतले ह्रास आएको छ । विशेषतः दलहन, प्रशोधित छाला, हस्तकलाका सामान आदिको निर्यातमा आएको ह्रासका कारण समीक्षा अवधिमा अन्य मुलुकतर्फको निर्यात ह्रास भएको हो । अमेरिकी डलरमा अन्य मुलुकतर्फको वस्तु निर्यात अघिल्लो वर्षको सोही अवधिमा ९.७ प्रतिशतले बढेको विपरीत समीक्षा अवधिमा १५.३ प्रतिशले ह्रास आई अमेरिकी डलर ५ करोड ६८ लाख पुगेको छ ।

33. समीक्षा अवधिमा कुल वस्तु आयात १२.१ प्रतिशतले बढेर रु. १०१ अर्ब ६६ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात २९.७ प्रतिशतले वृद्धि भई रु. ९० अर्ब ६५ करोड रहेको थियो । मूलतः अन्य मुलुकतर्फको आयातको वृद्धिदर न्यून रहेको कारण समीक्षा अवधिमा कुल आयातको वृद्धिदर अघिल्लो वर्षको सोही अवधिको तुलनामा कम रहन गएको हो । मासिक रुपमा हेर्दा भदौ महिनामा कुल वस्तु आयात साउन महिनाको तुलनामा ४.१ प्रतिशतले घटेको छ ।

34. कुल आयातमध्ये भारतबाट भएको आयात अघिल्लो वर्षको सोही अवधिको ३१.५ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा १७.९ प्रतिशतले बढेको छ । त्यसैगरी, अन्य मुलुकबाट भएको आयात अघिल्लो वर्षको सोही अवधिको २६.७ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा २.३ प्रतिशतले मात्र वृद्धि भएको छ । अमेरिकी डलरमा अन्य मुलुकतर्फको वस्तु आयात अघिल्लो वर्षको सोही अवधिमा ३.७ प्रतिशतले बढेको विपरीत समीक्षा अवधिमा ८.८ प्रतिशतले ह्रास आई अमेरिकी डलर ३४ करोड ३९ लाख पुगेको छ । भारतबाट मुख्यतयाः पेट्रोलियम पदार्थ, कोल्डरोल्ड सिट इन क्वायल, धागो, अन्य मेशीनरी तथा पार्टस, सवारी उपकरण तथा पाटपूर्जा लगायतको आयात बढेको कारण त्यसतर्फको आयात बढेको हो । अन्य मुलुकबाट विशेषगरी चाँदी, कच्चा सोयाविन तेल, पोलिथिन ग्रान्युयल्स लगायतको आयात बढेको कारण त्यस तर्फको आयात बढेको हो ।

35. समीक्षा अवधिमा कुल वस्तु व्यापार घाटा १२.८ प्रतिशतले वृद्धि भई रु. ८६ अर्ब ५० करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो व्यापार घाटा ३३.५ प्रतिशतको उच्च दरले बढेको थियो । कुल वस्तु व्यापार घाटामध्ये भारतसँगको व्यापार घाटा समीक्षा अवधिमा १७.८ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा भारतसंगको यस्तो घाटा ३८.७ प्रतिशतको उच्च दरले बढेको थियो । त्यस्तै, अघिल्लो वर्षको सोही अवधिमा २५.२ प्रतिशतले बढेको अन्य मुलुकसँगको व्यापार घाटा समीक्षा अवधिमा ३.८ प्रतिशतले वृद्धि भएको छ ।

36. निर्यातको तुलनामा आयातको वृद्धिदर उच्च रहेको कारण समीक्षा अवधिमा निर्यात-आयात अनुपात १४.९ प्रतिशतमा झरेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात १५.४ प्रतिशत रहेको थियो ।

## शोधनान्तर स्थिति


37. आर्थिक वर्ष २०७०/७१ को दुई महिनासम्ममा समग्र शोधनान्तर स्थिति रु. ३३.० अर्बले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो बचत रु. ५ अर्ब ५२ करोड रहेको थियो । समीक्षा

अवधिमा चालू खाता रु. २१ अर्ब ५ करोडले बचतमा  रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यो खाता रु. ६५ करोडले घाटामा रहेको थियो । खासगरी वस्तु तथा सेवा आयातको वृद्धिदर अघिल्लो वर्षको तुलनामा कम रहेको कारण चालू खाता बचत समीक्षा अवधिमा बढ्न गएको हो । अमेरिकी डलरमा समीक्षा अवधिमा शोधनान्तर बचत ३३ करोड ३ लाख डलर र चालू खाता बचत २१ करोड ६ लाख डलर रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर बचत ६ करोड २२ लाख डलर रहेतापनि चालू खाता भने ७३ लाख डलरले घाटामा रहेको थियो ।

38. एफ.ओ.बी. मूल्यमा आधारित वस्तु व्यापार घाटा अघिल्लो वर्षको सोही अवधिमा ३२.९ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा १३.२ प्रतिशतले बढी रु. ८३ अर्ब २९ करोड पुगेको छ । समीक्षा अवधिमा खुद सेवा खाता रु. २० करोड ८७ लाखले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा खुद सेवा खाता रु. १ अर्ब ९८ करोडले घाटामा रहेको थियो । त्यस्तै, खुद ट्रान्सफर आय अघिल्लो वर्षको सोही अवधिको ३२.७ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा ३५.८ प्रतिशतले वृद्धि भई रु. १०१ अर्ब ३९ करोड पुगेको छ । ट्रान्सफर अन्तर्गत विप्रेषण आप्रवाह अघिल्लो वर्षको सोही अवधिको ३८.१ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा ३४.७ प्रतिशतले वृद्धि भई रु. ८८ अर्ब ४ करोड पुगेको छ । अमेरिकी डलरमा विप्रेषण आय अघिल्लो वर्षको १३.२ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा १९.६ प्रतिशतले वृद्धि भई ८८ करोड १० लाख डलर पुगेको छ । मासिक रुपमा हेर्दा विप्रेषण आप्रवाह चालू आर्थिक वर्षको साउन महिनाको तुलनामा भदौ महिनामा ३.८ प्रतिशतले घटेको छ । त्यसैगरी, समीक्षा अवधिमा वित्तीय खाता अन्तर्गत रु. ७८ करोड ३९ लाख प्रत्यक्ष वैदेशिक लगानी भित्रिएको छ ।

## विदेशी विनिमय सञ्चिति

39. २०७० भदौ मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०७० असार मसान्तको रु. ५३३ अर्ब ३० करोडको तुलनामा ९.६ प्रतिशतले वृद्धि भई रु. ५८४ अर्ब ६१ करोड पुगेको छ । २०६९ भदौ मसान्तमा यस्तो सञ्चिति २०६९ असार मसान्तको तुलनामा १.३ प्रतिशतले बढेर रु. ४४५ अर्ब २ करोड रहेको थियो । कुल सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०७० असार मसान्तको रु. ४५२ अर्ब ९९ करोडको तुलनामा २०७० भदौ मसान्तमा ९.१ प्रतिशतले वृद्धि भई रु. ४९४ अर्ब १७ करोड पुगेको छ । अमेरिकी डलरमा भने बैकिङ्ग क्षेत्रको कुल सञ्चिति २०७० असारदेखि २०७० भदौ मसान्तसम्ममा २.८ प्रतिशतले वृद्धि भई अमेरिकी डलर ५ अर्ब ७७ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सञ्चिति २.९ प्रतिशतले बढेको थियो । त्यसैगरी, समीक्षा अवधिमा अपरिवर्त्य भारतीय मुद्रा सञ्चिति १३.९ प्रतिशतले बढेर भा. रु. ८४ अर्ब ९० करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सञ्चिति ४.५ प्रतिशतले घटेको थियो । आर्थिक वर्ष २०७०/७१ को दुई महिनासम्मको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिको विद्यमान स्तर ११.७ महिनाको वस्तु आयात र १०.० महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ ।



## अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति तथा विनिमय दर प्रवृत्ति

40. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०६९ भदौ मसान्तमा प्रति व्यारल अमेरिकी डलर ११७.४८ रहेकोमा २०७० भदौ मसान्तमा ४.२ प्रतिशतले ह्रास आई प्रति व्यारल अमेरिकी डलर ११२.६० पुगेको छ । त्यसैगरी, सुनको मूल्य २०६९ भदौ मसान्तमा प्रतिआउन्स अमेरिकी डलर १७७५.५० रहेकोमा २०७० भदौ मसान्तमा २५.४ प्रतिशतले ह्रास आई प्रति आउन्स अमेरिकी डलर १३२४.०० कायम रहेको छ ।

41. २०७० असार मसान्तको तुलनामा २०७० भदौ मसान्तमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ६.२ प्रतिशतले अवमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग १.६ प्रतिशतले अधिमूल्यन भएको थियो । २०७० भदौ मसान्तमा अमेरिकी डलर एकको विनिमय दर रु. १०१.२९ पुगेको छ । २०७० असार मसान्तमा उक्त विनिमय दर रु.९५.०० रहेको थियो ।